स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

**औषधी तथा सर्जिकल सामाग्री खरिद सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः- २०८३।०३।१५)**

यस नगरपालिका अन्तर्गत सूर्यविनायक नगर अस्पताल फार्मेसीबाट बिक्रीको लागि औषधी तथा सर्जिकल आपूर्ति गर्नुपर्ने भएकोले यो विद्युतीय बोलपत्र आह्वान गरिएको छ । विद्युतीय बोलपत्र PPMO को Website www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्नेछ ।

१. विद्युतीय बोलपत्र तपशिलका प्याकेज अनुसार छुट्टा छुट्टै दस्तुर रु ३०००। (अक्षेरुपी तीन हजार रुपियाँ मात्र) का दरले फिर्ता नहुने गरी यस सूर्यविनायक नगरपालिकाको NIC ASIA BANK सूर्यविनायक भक्तपुरमा रहेको आन्तरिक राजश्व खाता नं ग-१-१-००८२०५००४२१२०००३ मा दाखिला गरेको सक्कलै भौचर र देहाय बमोजिमको धरौटी रकम NIC ASIA BANK सूर्यविनायक भक्तपुरमा रहेको धरौटी खाता नं ग-३-००८२०५००४२१२००१७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र दाताको बोलपत्र स्वीकृत भएपछि प्रचलित नियम अनुसारको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा कार्यसम्पादन जमानत परिवर्तन गर्न पाइनेछैन ।

२. बोलपत्र खरिद कर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, आफू खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको कागजातहरु अपलोड गर्नुपर्नेछ ।

३. बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी लिखित स्व घोषणापत्र पेश गर्नुपर्नेछ ।

४. बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको मितिको ८औं दिनको १२:०० भित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नुपर्नेछ ।

५. तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र सोही दिनको अपरान्ह १२:३० बजे देखि बोलपत्र दाताको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाताका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र बिद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन बिदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समय भित्र विद्युतीय बोलपत्र पेश गर्न सकिनेछ ।

७. बोलपत्र दाताले कबोल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ ।

८. बोलपत्र दाताले उपलब्ध गराउने औषधी अनिवार्य रुपमा औषधी व्यवस्था विभाग (DDA) मा दर्ता भएको हुनुपर्नेछ ।

९. नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त हुन आएको विद्युतीय बोलपत्र पूर्ण रुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ र खरिद गरिने सामाग्रीहरुको परिणाम फार्मेसीबाट बिक्रीका आधारमा थपघट हुन सक्नेछ । यसरी परिमाणमा थपघट भएता पनि विद्युतीय बोलपत्र कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

१०. औषधी तथा सर्जिकल सामाग्रीहरुको अलग अलग दररेट पेश गर्नुपर्नेछ । उपरोक्त कार्य गर्ने फर्महरुसँग बोलपत्र छुट्टा छुट्टै माग गरिएको हुँदा बोलपत्र पेश गरेको फर्महरुले सोही अनुसारको इजाजत पत्र समेत पेश गर्नु पर्नेछ । सो इजाजत पेश नभएको फर्महरुलाई मुल्यांकनमा समावेश गरिने छैन र विद्युतीय बोलपत्र स्वीकृत गर्दा प्याकेज वाइज मात्र स्वीकृत गरिनेछ ।

११. रित नपुगेको विद्युतीय बोलपत्र उपर कुनै कारबाही गरिने छैन । साथै विद्युतीय बोलपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समयावधि भित्र औषधी र सर्जिकल सामाग्रीहरु बुझाउनु पर्नेछ र औषधी केही अथवा सम्पूर्ण औषधी नै बुझाउन नसकेमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी ऐन, नियम बमोजिम कारबाही हुनेछ र यसबाट सिर्जना हुने सम्पूर्ण दायित्व बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१२. आपूर्ति हुने औषधी तथा सर्जिकल सामाग्रीहरुको प्रत्येक बाहिर उत्पादन मिति, ब्याच नम्बर उल्लेख हुनुपर्नेछ । साथै सप्लाई हुने औषधी तथा सर्जिकल सामाग्रीहरुको बिल साथ व्याच नम्बर र WHO GMP सर्टिफिकेट पेश गर्नुपर्नेछ भने सर्जिकल सामाग्रीहरुको हकमा अनिवार्य रुपमा (USFDA/CE/ISO or Equivalent) सर्टिफिकेट पेश गर्नुपर्नेछ ।

१३. विद्युतीय बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ साथै यस सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. आपूर्ति हुने औषधी तथा सर्जिकल सामाग्रीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तीमा १२ महिना बाँकी हुनु पर्नेछ ।

१५. बोलपत्र प्याकेज अनुसार गरिएको हुँदा बोलपत्रदाताले कुनै पनि प्याकेज मा दररेट पेश गर्दा उक्त प्याकेजमा भएका सम्पूर्ण औषधी तथा सर्जिकल सामाग्रीहरुको दररेट अनिवार्य रुपमा पेश गर्नुपर्नेछ अन्यथा बोलपत्र मुल्याँकनमा समावेश गराइने छैन । साथै सो दररेटको Excel file बोलपत्र खोलिसकेपछि अनिवार्य रूपमा official@suryabinayakmun.gov.np मा पठाउनु पर्नेछ ।

स्थानीय सरकार
# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

१६. अस्पताल वा नगरपालिकाले अर्को बोलपत्र आह्वान गरी बोलपत्र सम्झौता नगरेसम्म बोलपत्रदाताले आपूर्ति गर्दै आइरहेको दररेटमा औषधी तथा सर्जिकल सामाग्रीहरु उपलब्ध गराउनु पर्नेछ ।

१७. लागत अनुमानमा राखिएको औषधी तथा सर्जिकल सामाग्रीहरुको संख्या आवश्यकताको आधारमा थपघट हुन सक्नेछ त्यस्तो अवस्थामा सम्झौता भएको पक्षले बोलपत्रमा उल्लेख गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

१८. औषधी तथा सर्जिकल सामाग्रीहरुको MRP पेश गरेको दररेट भन्दा तल पर्न गएमा MRP बाट १६ प्रतिशत घटाइ उपलब्ध गराउनु पर्नेछ ।

१९. सूर्यविनायक नगर अस्पताल सम्म ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

२०. औषधी तथा सर्जिकल सामाग्रीहरुको बोलपत्रदाताले दररेट पेश गर्दा तत्काल स्वास्थ्य बीमा बोर्डले निर्धारण गरेको दररेट भन्दा कम्तीमा १५ प्रतिशत घटी बोलपत्रको दररेट पेश गर्नुपर्नेछ । साथै बोलपत्रमा उल्लेख नभएका औषधी तथा सर्जिकल जन्य सामग्रीहरू स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पर्ने भएमा उक्त सामग्रीहरू स्वास्थ्य बीमाले उपलब्ध गराउने दररेट भन्दा कम्तिमा १५ प्रतिशत घटाइ उपलब्ध गराउनुपर्नेछ ।

तपशिलः

| क. सं. | विद्युतीय बोलपत्र नं. | विवरण | बैंक जमानत रकम रु | बैंक जमानतको म्याद | बोलपत्र दस्तुर रकम रु (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|---|
| १ | 04/082/083 | Package-A | ३,६०,०००। | १२० दिन | ३,०००। |
| २ | 05/082/083 | Package-B | ३,२५,०००। | १२० दिन | ३,०००। |
| ३ | 06/082/083 | Package-C | २,३६,०००। | १२० दिन | ३,०००। |

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

पत्र संख्याः-
चलानी नं.:-

# विद्युतीय बोलपत्र पेश गर्दा पूरा गर्नुपर्ने शर्तहरु

१. विद्युतीय बोलपत्र स्वीकृत भएको अवस्थामा जुनसुकै कम्पनीको औषधी उक्त रेटमा मागको आधारमा आपूर्ति गर्नुपर्नेछ ।

२. विद्युतीय बोलपत्रमा उल्लेखित सामानको दर बाहेक कुनै पनि अन्य खर्च व्यहोरिने छैन ।

३. आपूर्तिकर्ताले सम्पूर्ण सामान अस्पतालसम्म ल्याई संलग्न लिष्ट अनुसार चेकजाँच गराई बुझाउनु पर्नेछ ।

४. अस्पतालको मागको आधारमा आपूर्ति हुने सामानहरु खरिद आदेश दिएको मितिले १० दिन भित्रमा उपलब्ध गराउनु पर्नेछ ।

५. सामान खरिदको बोलपत्र स्वीकृत गर्दा छुट्टा छुट्टै प्याकेज अनुसार (Package A देखि Package C) बोल कबोल अंक मध्ये न्यूनतम वा Technical Committee ले सिफारिस गरेको कम्पनी मुल्यको आधारमा स्वीकृत गर्न सकिनेछ ।

६. अस्पतालमा सामान दाखिला हुन आउँदा उपभोग मिति ६० प्रतिशत वा सो भन्दा बढी हुनु पर्नेछ ।

७. बोलपत्रदाताले सूर्यविनायक नगर अस्पतालको फार्मेसीमा उपलब्ध गराएका औषधीहरु म्याद समाप्त हुनु १ (एक) महिना अगावै फिर्ता लैजानु पर्नेछ ।

८. अस्पतालमा गठित DTC (Drug and Therapeutic Committee) को आधारमा कुनै पनि कम्पनीको औषधीको गुणस्तरमा शंका लागेमा त्यस कम्पनीको औषधीहरु खरिद रोकेर नयाँ कम्पनीको औषधी सिफारिस गर्न सकिनेछ ।

९. DDA मा दर्ता भएको, WHO GMP Certified जुनसुकै कम्पनीको औषधीहरु लिन सकिनेछ।

१०. प्याकेजमा उल्लेख नभएको औषधी तथा सर्जिकल सामाग्रीहरु आवश्यक परी खरिद आदेश दिएमा अनिवार्य रुपमा सम्झौता भएको पक्षले उपलब्ध गराउनु पर्नेछ । उक्त सामानहरु स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पर्ने भएमा स्वास्थ्य बीमाले प्रदान गर्ने दररेटमा १५ प्रतिशत घटाइ उपलब्ध गराउनु पर्नेछ ।

११. औषधी तथा सर्जिकल सामाग्रीहरुको बोलपत्रदाताले दररेट पेश गर्दा तत्काल स्वास्थ्य बीमा बोर्डले निर्धारण गरेको दररेट भन्दा कम्तीमा १५ प्रतिशत घटी बोलपत्रको दररेट पेश गर्नुपर्नेछ ।